सुन्दरहरैंचा नगरपालिका
नगरकार्यपालिकाको कर्यालय
( पशुपन्छी प्रवर्द्धन शाखा )
बिराटचोक मोरङ

प.सं ०७४/७५

च.नं : ९८६३

मिति :२०७४/१२/१४

## बिधुतिय च्यापकटर(कुटिकाटने मेशन) का लागि अनुदानको सुचना ।

प्रथम पटक प्रकाशित मिति २०७४/१२/१२ गते ।

सुन्दरहरैंचा नगरपालिकाको आ.ब २०७४/०७५ को नगरसभाबाट स्विकृत पशुपन्छी बिकास कार्यक्रम तर्फ तेस्रो चौमासिक लक्ष्य अनुसारको साझेदारीमा बिधुतिय च्याप कटर (कुटि काटने मेशन) खरिद तथा वितरण कार्यक्रम अन्तरगत सहभागि हुन सुन्दरहरैंचा नगरपालिका अन्तरगत रहेका, यस नगरपालिकाको पशुपन्छी प्रर्वद्धन शाखामा सुचिकृत व्यवसायिक फार्महरु ले तोकिएको ढाचामा ३० दिन भित्र रित पुर्वक निवेदन दिनुहुन अनुरोध छ

**तपशिल**

**कार्यक्रममा सहभागिहुन चाहाने कृषकको मापदण्ड :**

१.हाल गाईमा न्यूनतम ५ माऊ, भैसिमा ५ माऊ,बाखामा २० माऊ पालिरहेका तथा यस शाखामा व्यवसाय दर्ता गरेको कृषक।
२.हरियो घासमा आधारित भएर पशुपालन गरेको कृषक।
३.५०% रकम कृषक आफैले लगानि( स्व-लगानि) गर्न सक्ने कृषक।

| सि.नं | कार्यक्रमको नाम | साझेदारीमा बितरण गरिने च्यापकटर संख्या | कार्यक्रम अनुसार सहभागिलाइ उपलब्ध गराउन सकिने प्रति च्यापकटर अनुदान रकम (अधिकतम) |
|---|---|---|---|
| १ | बिधुतिय च्याप कटर खरिद (कुटि काटने मेशन) | १२ | २५,०००/- (पच्चिस हजार मात्र) |

**निबेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु :** १. निवेदन सहित दस्तुर रु. ६१०/- (छ सय दश मात्र)तिरेको रसिद .२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, ३.व्यवसाय संचालन गर्ने स्थानको जग्गाको जग्गाधनि प्रमाणपत्र को प्रतिलिपि (भाडाको जग्गा भए कम्तिमा ५ बर्षको सम्झौता पत्र) ४. शैक्षिक योग्यता र तालिम को प्रमाणपत्र को प्रतिलिपि ( भएमा मात्र ) ५. आन्तरिक राजस्व कार्यालय (पाना नं)/घरेलु कार्यालय तथा अन्य कुनै कार्यालयमा दर्ता भएको भए सो को प्रमाणपत्रको प्रतिलिपि । ६. कार्यक्रम संचालन तथा सम्पन्न गर्ने प्रतिबद्धता पत्र ७. कुनै संघ संस्था, समुह समितीमा रहेको भए सो को सिफारिस ८ .बैदेशिक रोजगारीबाट फर्केको भए पासपोर्टको प्रतिलिपि तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपि।

निवेदनको ढाचा तथा बिस्तृत जानकारीको लागि यस नगरपालिकाको पशुपन्छी प्रर्वधन शाखामा सर्म्पक गर्नुहोला ।

जीवनप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

नोट : मिति २०७४/१२/१२ मा प्रकाशित सुचनामा राजस्व सहितको निवेदन दस्तुर रु ६१० हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको(सच्चाईएको) छ ।

दामोदर आचार्य
पशुसेवा प्राविधिक